# डिल्लीराम खनालको आरोह अवरोह सरसर्ती पढ़्दा

गुरू प्रसाद उपाध्याय

मनमा उब्जिएका सृष्टिशील भावलाई सुन्दर शब्द संयोजन द्वारा व्यक्त गर्नु नै कविता बनिन्छ। त्यसमा स्वर, लय, ताल र छन्द मिलाउँदा गीत पनि हुन्छ। गीतले जड़ भएको शिर पनि हल्लाउँद, कविताले पत्थर भएको हृदयलाई पनि गलाउँछ। तर कविताको क्षेत्रमा भने रसाग्रही पाठकको हृदय मात्र गलाउँछ। अन्यथा कविता मात्रै रहन्छ।

हाल असम नेपाली साहित्य सभा, शोणितपुर जिल्ला समितिका अध्यक्ष डिल्लीराम खनालको कविता सङ्कलन आरोह अवरोह उहाँकै इच्छामा हात परेकोछ। सरसर्ती पढ़े पछि केही न केही कोरौं कि भन्ने मन लागेको मात्र हो। समीक्षा होइन किन भने यो कलमकार समीक्षक होइन।

कविता सङ्कलन अधिकारी प्रकाशन भाङगामन्दिर, शोणितपुरले प्रकाश गरेकोछ। सङ्कलन आफै श्रीमती स्व.गीता देवीको नाउँमा अर्पण गरेकोछ। यस्मा असम नेपाली साहित्य सभाका मूल सचिव रूद्र बरालले भूमिका लेखि दिएको रहेछ। कविता सङ्कलनको अभावले १२२ पृष्ठा ओगटेको रहेछ। यस्मा अधिकारी प्रकाशनको पक्षबाट देवी अधिकारीले प्रकाशकीय लेखेको रहेछ। कविता आफ्ना केही कुराहरूमा गुम्सिएका भावहरू पनि पोखेको पाइन्छ भूमिकामा रूद्र बरालले एउटा गुरूत्वपुर्ण मन्तव्य गरेको पाइन्छ। कवितामा एउटा वार्ता हवोसन। खनालका कवितामा वार्ता छ। अँ कवितामा अवश्ये शब्द संयोजनद्वारा भाव प्रकाश मात्रै होइन वार्ता जरूर चाहिन्छ–त्यो वार्ता चाँहि जुनसुकै विषयवा क्षेत्रमा होस। कवितामा वार्ता छैन भने कविता निरसहुन्छ। त्यसै कारण वाक्य र सात्मक काव्यम भनेकोछ।

आरोह अवरोह कविता सङ्कलनमा मुठ ८० वटा कविता समावेश गरिएको छ। त्यसमा शुरूका ११ वटा गेय गीत छन अन्य कविता छन। मान्छेको जीवनमै आरोह अवरोह हो। उकाली ओराली हो। जीवन मधुमय छन्दले पनि भरिन सक्दछ, तीतो गरलले पनि पोतिन सक्छ। त्यस्मा दुबैलाई अनुभूतिले समटेन सक्नुनै जीवन, शब्दमा प्रकाश गर्न सक्नुनै कविता।

साँच्चै हो, तुलाचन आलेले खनेको बाटामा पूर्वाञ्चलमा नेपाली साहित्य हिँडिरहेको भए पनि अस्सीको दशक देखि भने नेपाली साहित्यमा उलाउनै आएकोछ। अस्सीको असम आन्दोलन नेपाली साहित्यको लागि माइलस्टोन भएर उभिएकोछ। साँचै भन्नुहो भने असम आन्दोलन एक आर्शीवाद स्वरूपनै भएको छ भन्दा अयुक्ति नहोला त्यस्मा जतिनै नकरात्मक तत्वहरू भए पनि । नकरात्मक तत्वहरूलाई नेपालीहरूले सकरात्मक भूमिकामा परिणत गर्न सक्षम भएकाछन–त्यस्मा डिल्लीकाम खनालले आरोह अवरोह पनि एक थप हो।

खनालको आरोह अवरोह सङ्कलन भित्र परेका कविताहरू कुनै वादको परिपाटीमा सीमाबद्ध छैनन। सम्पूर्ण मुक्त स्वच्छन्द्र भाव गतिमा प्रवाहित भएकाछन। सुख–दुख, हर्ष विवाद, हाँसो–रोदन आदि सबै मानव सहजात प्रवृति सँग सम्बन्ध जोड़न पुगेकाछन। कुनै कविताले देश प्रेमको राग अलापर्छ भने कुनैले रोमान्टिक भाव, कुनैले प्रेम, कुनैले प्रकृति वर्णन, कुनैले वन्दना पनि। समय समयमा कविता मनमा लहराएका भावहरूनै कवितामा समेटिएकाछन। भाषा प्राञ्जल र शब्द संयोजन चमत्कारपुर्ण छन। कवितामा आधुनिक तड़क भड़क भन्दा गाउँले जनजीवनको परिवेशनै राम्ररी उतार्न प्रयास गरिएको छ।

स्वभावत गीतहरूमा विशेष वार्ता को समावेश नभए पनि स्वर र लयले त्यसलाई श्रुतिमधुर बनाउँछ। गीतको उद्देश्यपनि त्यही हो। गीतमा कला जीवनको लागि नभएर कला कलाको लागि भए मात्रै पनि गीत सार्थक हुन्छ। प्रथम अवस्थाका गीत र कविताहरूले त्यति पाठकवृन्दको मनलाई आकर्षित पार्न नसके पनि पछि पछिका कविताहरूले पाठकका मनको खोराकी पुरयाउन सक्षम भएका छन। गीत कविताको रचना प्रणालीबद्ध हिसाबले रचनाकाल उल्लेख गरेको भए समय सँग यिनको परिपक्कताको आभास पनि पाइने थियो। पाठकवर्ग त्यो निर्क्योलबाट बञ्चित भएकाछन। रचनाकाललाई प्रणालीबद्ध रूप नदिएकाले गर्दाअनुमानले भन्नाजाँदा रचनाकाल छासमिस भएजस्तो देखिन्छ। यस सङ्कलन भित्र गाभिएका ८० वटा गीत र कविता सबैको भाव सुक्ष्म हिसाबले कोट्याउँदा पनि बाहुल्यको डर छ। त्यसैले कविताको शीर्षक उल्लेख गरेर छोट्याउन चाहन्छु। कवितामा कविको भाव सम्पर्कमा पनि कहिलेकाही अन्योलको सृष्टि हुन्छ। कहिले कविका कविताको भाव उक्काउन समीक्षकलाई पनि अपठ्यारो पर्न सक्छ, कहिले समीक्षकले भाव विश्लेषण गरे पछि मात्रै कविको पनि भाव प्रष्ट हुन्छ। कविताको क्षेत्रमा कसैले पनि ठोस सिद्धान्त दिन सजिलो हुँदैन।

भानु वन्दना आदिकवि भानुभक्तलाई सारा संसारका नेपालीहरूले वन्दना गर्नुनै पर्ने हो। कविले पनि सङ्कलनको सुरूमाभानु वन्दना राखेर भानुभक्तलाई श्रद्धा जनाएका छन। तिम्रा जस्तै रहरहरू रहर ता सबैको नै हुन्छ तर कविले कसैको अन्तरङ्गतामा आफ्नो रहरहरू जोडने प्रयास गरेको छ। गाउँछु गीत दरदमा गीत निस्किन्छ। हाँसी हासी गाए पनि दरद त्यहाँ प्रष्टिएकै हुन्छ। ठोक्कर धेरै खाएर पनि बाँच्नै पर्दछ, मनमा पीर बोकेर पनि बाँच्नै पर्दछ। समयको पुकार भनिएकोछ, मानव जीवश्रेष्ठ हो भने मान्छेले संसारमा श्रेष्ठताको चिनो छोड़नु पर्दछ। कवि हरिभक्त कटुवाल प्रति पूर्वाञ्चलका ख्यातिमान कवि हरिभक्त कटुवालले असम नेपाल सबैतिर ख्याति छोड़ेको कविले यहाँ प्रशंसा गरेका छन। सहारा अदृष्य प्रेमिका सँग एकात्मकता हुनलाई कविको आह्वान छ सहाराले सँगै बाँच्नको निम्ति।

शुभकामना, प्रेमिकाको विछोडमा कविले दर्द भरिएको शुभकामना ज्ञापन गरेका छन अतीतकासबै तीता मिठा प्रसङ्गलाई बिर्सि दिन आह्वान गेरको छ। शुभेच्छा सन्देश जीवन मधुमय होस भन्दै प्रेमिकालाई सन्देश पठाइएको छ यहाँ। जयतु भाषा जननी सँधै गौरब बोकी रहने प्राण भन्दा प्यारो आफ्नो भाषा जननीलाई कविले वन्दना गरेका छन।

एक्लो जीवन जीवन दु:खमय भए पनि दु:खको अनुभव नगरिकन हाँसि बाँचि रहनु पर्दछ। वेदनाले भरिएको जीवनमा जहाँबाट आए पनि, जता गए पनि वेदना बोकेर हिड़नु पर्दछ। यहाँ एक्लो जीवनको वेदना पोखिएको छ। अघि बढ़ौं उज्यालो क्षितिज तिर हत्या, हिंसा, लुण्ठन युद्धको विभीषिकाले मानवमा हनन भएको छ। निरपराधीको खुन बगेको छ जगतमा। तर ती अन्यायकारीहरूको पनि एक दिन अन्त्य हुन्छ जब जनता जागृत भएर एकताबद्ध भै प्रतिरोध गर्छन त्यतिबेला क्षितिजलाई उज्यालो पार्न कविको आह्वान ।

मेरो कविता, शासक र शोषकका बिरूद्ध संग्राम गर्न श्रमजीवि जनता, शान्तिको निम्ति देश देशमा आत्म बलिदान दिने बीर जवान, अन्यायको बिरूद्ध लड़ने संग्रामीजनको जय निश्चित गर्ने जनताको कविता उत्सर्गित छ। रहर घात प्रतिघात सहदै जीवनको उकाली ओराली मिसिमे, समानता ल्याउँने, अन्याय अत्याचारको विरोध गर्ने, युद्धको आशंकालाई प्रतिहित गरेर, अन्धकार पन्साई उज्यालो पान रातो सुर्य उदाउने रहर कविताले बोकेको छ।

हालचाल, मेरो गाउँ, आधनिकता आज गाउँको परिवेश बदलाएकोछ, पहिलेको प्राकृतिक सौन्दर्य, कृषि–गौरक्षाको परिवेश शुन्य छ, नया प्रजन्मले गाउँको गौरबलाई भूलेर गाउँ त्याग गरेका छन। गाउँ उराठ लाग्दो र उदासीन भएको देखेर कविको हृदय रोएको छ। गाउँ फर्केको परदेशी साथीलाई एउटा लामो अन्तराल पछि गाउँको परिवेशमा नष्टालजिक परिवर्तन आउन लाग्दछ, गाउँमा हुकै बढ़े पछि गाउँको याद एकदिन आउन लाग्दछ लामो विस्मृति पछि पनि। गाउँको स्मृतिलाई बिर्सिन नसकुन प्रकृति प्रेमको सुन्दर निदर्शन हो।

प्रेम नौलो परिभाषा, प्रेम स्वच्छ, शुद्ध, हिमाल जस्तै उच्च शिखरमा आरोहँ गर्नको बदला, कृतिमता, धोखेबाज, छलकपट, शारीरीक सुखको परिभाषामा परिपात हुन गई रहेको देखेर कविको हृदय व्यथित भएको छ।

उज्यलोको कविता, समाजमा व्याप्त आसमानता लाई कविले अध्याराको संज्ञा दिएको छन। त्यस्तै अँध्यारामा बसेर पनि उज्यालाको कविता लेख्ने कविको आग्रह सहारनीय देखिन्छ। एक आकाश चाहनाहरू मान्छेका चाहनाहरू असंख्यानै हुन्छन। चाहनाहरू सबै पुरा हुदैनन, तैपनि चाहनाको अन्त्य हुँदैन। एक्लो तारा असंख्य मान्छेको बीचमा पनि आफुलाई एक्लो अनुभव हुन्छ कहिले काही। कविले एक्लै भएपनि उज्यालो छर्ने आकांशा गेरका छन। स्वतन्त्राता दिवस, स्वतन्त्रता शताब्दी पटि धाउन थाले पनि यस्ले जनताको प्रयोजन पुरा गर्न सकेको छैन। तैपनि स्वतन्त्राता पालन अविवार्य छ।

प्रतीक्षा विषमताको पाहाड़ थड़िए पनि प्रतीक्षा त उज्यालोको हुन्छ। मृत्यु हो साँच्चै मृत्यु अनिवार्य सत्य। जीवन साँच्चै जीवन अनित्य एकमुठी खरानी मात्र। आस्थाको आकाशमा संसारमा सत्य माथि अत्याचार चलि रहे पनि एक दिन सुदिन आउने आस्था प्रकट गरको छन कविले। श्रद्धा सुमन, अशान्तिमय यस संसारमा आशावादी कविवर पष्पलाल उपाध्यायलाई श्रद्धासुमन अर्पण गरेर कविले शान्तिको आशा गरेका छन।

बीस आगस्ट १९९२ यसै दिन भारतीय गोर्खा नेपाली शब्दको प्राणको भाषाले मान्यता पाएको क्षेत्रमा कविले हर्ष प्रकट गरेका छन।

तिम्रो वेदनालाई आत्मसात गरेर पनि कविले आफ्नो विवशता पोखेका छन कविताको हरफहरूमा। आरोह–अवरोह काव्य सङ्कलनको शीर्षक युक्त कविता अन्तर्गत कविको भावनाले अनेक चाहना गरे पनि तिनमा सीमाबद्धता छ भन्ने भाव प्रकाश गरेको छ। समाचार मृत्युको हिजो आज स्वभाविक समाचार भई सकेको छ। मृत्यु अतिनै सस्तो भै सकेकोमा कविको क्षोभ प्रकट भएको छ। कवितामा जीवनको सबै मिठो तीतोको अनुभव व्यक्त गर्न खोजेका छन कविले। मेरो यात्रा मा कविले जीवनको अनेक अनुभवलाई बोकेर शब्दहरूमा यात्रा टुङ्ग्याउन खोजेका छन कविले। कवि प्रतिमा कविले १२-११-१९९४ का दिन साँझमा बिप्लवी कवि अवनी चक्रवर्ती घरबाट निस्केर गएका आजसम्म फर्किएर आएका छैनन। उनकै कोजीमा कविले कविताद्वारा स्मरण गरे का छन। मुटु भरि ब्रह्मपुत्र लिएर आएको छु कवितामा कविले ब्रह्मपुत्रको हावा–पानीमा विलीन हुन पुगेका गोर्खा नेपालीहरू र पुर्खाको पितृभूमिका नेपालीहरूको बीचको समन्वयलाई सुन्दररूपले चित्रित गरेका छन।

प्रिय कविको सम्झनामा कविले पूर्वाञ्चलका ख्यातिमान कवि हरिभक्त कटुवाल दुखदपुर्ण स्मृति दिवसको उपलक्षमा सम्झना गरेकाछन । एउटा असोर कविता अत्यन्त व्यस्ततापूर्ण आसारका दिनहरूले एकदिन उज्यालो छर्ने आशा व्यक्त गरेका छन कविले।

केही स्तवक शरदका भित्र ६ वटा स्तवक पसेकाछन। शरद ऋतुमै मानव जातिले दारिद्रय, क्षुधा र अभावका निम्ति संग्राम गर्दै आएका छन र पनि एकदिन सुनौलो दिन पनि आउँछ भन्ने कविको विश्वास छ। डिगबोइ २००१ विदेशी अन्वेषकले तरल सुन खोदलेर चिल्लो बनाएको नगरीमा हरिभक्त कटुवाल लगायत अनेक कवि साहित्यकारको थलोलाई कविले श्रद्धापूर्वक स्मरण गरेका छन।

मङसिरे कविता, धानको बालो झलो हजुर देशै रमाइलो भन्दै किसानहरू मङसिरे महिनामा आफ्नो वर्षदिन भरिको दु:ख बिर्सिने मौकामा कविले पनि सहमर्मिता प्रकाश गरेका छन। जन्मदिन कविको जन्मदिन पनि शरदकाल भै परेकाले कविले स्वच्छता अनुभव गर्दा गर्दै काल बिति जान्छ भन्ने गुनासो पोखेका छन। साउन, पानी र हरियाली जतासुकै छताछुल्ल भएझै उबजाउ, सृष्टि र प्रेमको पनि छताछुल्ल हुने आसाम व्यक्त गरेकाछन कविले। नेपाली प्रति एउटा समयको शुरबीर जाति आज अवहेलित भएको देखेर कवि दुखित हुँदै पुनर जागृत हुन आहवान गर्दछन। दन्तेकथा, एकदिन एउटा समयको दुर्दिन अन्धकारमय दिनको परिसमाप्तिको आशा गर्दागर्दै दुर्दिनको अन्त्य हुने आशा धमिलो देखेका छन कविलेष नसोध मलाई आफूले खपेका र भोगेका दु:खकष्टहरू साटन नसकिने वेदना व्यक्त भएको छ कवितामा।

जीन्दगी, कसैको लागि सुखै सुख कसैको लागि दुखै दुख हुन्छ भन्ने कविको अनुभव छ। मेरो गाउँ कविको प्रिय जन्मभूमि गाउँको वर्तमान परिवर्तित रूप देकेर कवि नष्टालजिक भएका छन। आहत समयले जता–ततै विसङ्गति छाएको देख्दछन कविले। यसपालि प्राकृतिक परिवेशमा विपरीत परिवर्तनको रूप देखेर दङ्ग परेका छन कवि। पछुतो कविले द्रोणाचारीलाई पनि शिक्षा दिएका छन जस्ले अर्कोको बुढ़ी औंलो लिएर के भयोर आफैले युद्धमा हार्नु पर्ने भयो। कविले आफन्त १ मा आफन्तले आफन्तको खेदो गर्छन भने आफन्त–२ मा विपदको समयमा आफन्तनै कामलाग्छ भन्ने सत्यतालाई स्वीकारेका छन।

विसङ्गति पुराण आदिमा उच्चावर्णले नीचवर्णसँग मित्रता जोड़ेको कथा सुनाउने गुरूजीले श्रद्धालुलाई पाउँछुन नदिने गुरूजीलाई व्यङ्ग गरेका छन कविले। नारी, प्राचीन देखि वर्तमान सम्मका नारी चरित्र स्मरण गर्दै नारीको अमोघ शाक्तिको प्रशंसा गरेका छन कविले। पासाखेल क्षमताको निम्ति मान्छेले पौशाचिक कर्म पर्न पनि पछि नहटने आजको स्वार्थी मान्छेलाई कविको वाक्यवाण। स्वीकारोक्तिमा कविलो आफ्नो दुर्वलता र विवशता व्यक्त गरेका छन। कविताको दर्के झरीमा कवि आफ्नै भावना भित्र रूमलिन पुग्छन। तिम्रो स्मृतिमा दिवङ्गता आफ्नै धर्म पत्नीको स्मृतिमा कविले कविता द्वारा स्मरण गरेका छन।

तिम्रो परलोक गता अर्धाङ्गिनीको अकाल वियोगमा, भाव विह्वल भएर कविले आँसु बाहेक अरू केही दिन नसकेको विरह पोखेका छन। मनको पीर मान्छेको जीवनमा आई पर्ने पीर मर्काहरू कसैसँग पोख्न नसकने विवशताले एक्लै सहन गरि रहनु पर्ने वेदना व्यक्त भएको छ कवितामा। फुल, सुन्दरलाई किन यो बाह्यिक सुन्दरताको प्रयोजन हुन्छर फुललाई जस्तै। उपलब्धि आफ्नो सृष्टिले कसैको प्रयोजन पुरा भयो भने नै आफुलाई सन्तुष्टि आउँछ।

अनुभूति तीनटुक्रा–देकावटी उज्यालो मात्रै छ संसारमा भित्री अँध्यारो छ अझै पनि। प्रेम को इंगित आँखाबाट हुने कुरामा कविको धारणा छ। अरूलाई जलाई सके पछि आफ्नो पालो आउँछ भन्ने प्रश्न गरिएको छ कवितामा। श्रद्धाञ्जली महाकविलाई, औंसीको अँध्यारो पन्साई नेपाली आकासमा झुल्किने महाकिवलाई वन्दना गरेकाछन कविले। शिरशय्यामा, जतिनै पराक्रमी भए पनि नियतिको विधानले एकदिन आफन्तको विनाश हेरेर लड़नु पर्ने बाध्यता थियो महाक्रमी भीष्मको पनि।

भविष्यको सपना, जीवनको आदिकाल देखिनै मान्छेले भविष्यको सपना बोकेर शिरन्तर हिँडि रहेकै हुन्छ। जनता, संसारका आम जनता गरीब, शोषित पीडितनै भएर रहनु एर विड़म्बना सरी छ। नेता, आम जनताको समस्या जेसुकै होस, नेताले सुख बैभव भोग्न पाए भैगो। कवितामा मनग्गै व्यङ्ग छ।

देवता, उपाषना र भक्ति सकीर्ण अन्धकारमा भए पनि झिलीमिली परिवेशमा भएपनि उसको मान्यताएकै हुन्छ। अभिनेताले अँध्यारो पक्ष र उज्यालो पक्ष दुबैको अभिनव गर्न माहिर हुनुनै वैशिष्य हुन्छ। यदा यदा हि धर्मस्य धर्मको दुहाई दिएर के हुन्छ र आँखाको सामने मानवता लुण्ठित भएको पनि हेरि रहनु पर्ने बाध्यता हुन्छ कहिलेकाही भन्ने विवशता पोखिएको छ कवितामा। चक्रवत संसारको परिवर्तन चक्रझै घुमी रहन्छ निरन्तर भन्ने धारणा व्यक्त भएको छ कवितामा। आसार, आसारमा कष्ट गरे मार्दै मङसिरे फल पाइने धारणालाई व्यक्त गरेको छ कवितामा। एकताबद्ध, नभएको कारणले आफ्नो हक अधिकार पनि गुमाउनु परिरहेकोछ भन्ने चेतावनी दिएको छ कवितामा। रोइ रहन्छिन भाषा जननी, नेपालीहरूले भाषा पाएर पनि आदर गर्न नजानेको देखेर कवि दुखित भएका छन। तिम्रो आँसु एकदिन रोए पनि एकदिन हाँस्ने दिन आउँछ। जीवन आँसु र हाँसोको समष्टि हो भन्ने आसाय व्यक्त भएको छ कवितामा।

# च्याम्पियन्स लिग : कसले जित्ला उपाधि ?

**म्याड्रिड, १२ सेप्टेम्बर।** रियल म्याड्रिड लगातार तेस्रोपटक च्याम्पियन्स लिग जित्ने अभियानमा रहँदा फ्रेञ्च क्लब पेरिस सेन्ट जर्मेनले यसैका लागि कीर्तिमानी खर्च गरिरहेको छ। बार्सिलोना पनि आफ्ना गल्तीहरू सुधार्दै अघि बढ्दैछ। यसका साथै अहिलेसम्मकै सबैभन्दा धेरै ६ ब्रिटेनली क्लबहरूका साथ युरोपियन च्याम्पियन्स लिग मङ्गलबारदेखि शुरू हुँदैछ। अपेक्षा गरिएको छ कि यस सिजनको च्याम्पियन्स लिग अहिलेसम्मकै प्रतिस्पर्धात्मक हुनेछ। च्याम्पियन्स लिगको सन् १९९२ –को सिजनयता लगातार ट्रफी जित्ने इतिहास बनाएको रियल मड्रिडले त्यसअघि नै इतिहास बनाइसकेको थियो ।

वास्तवमा सवाल के हो भने आफ्नो पहिलेको उपलब्धि जस्तै (१९५६ मा युरोपियन कपको सुरुवात भएपछि रियलले लगातार पाँच संस्करण जितेको थियो) रियलले यो समयमा पनि त्यस उपलब्धि दोहोर्याउन सक्ला ? त्यस दिशामा रियल मड्रिड अहिलेसम्म सकारात्मक देखिएको छ, सायदै कुनै टोली च्याम्पियन्स लिगको सिजनमा यति बलियो दावेदारको रुपमा देखिएको छ । लामो सहयपछि सान्टियागो बर्नबाउमा यस्तो लागिरहेको छ कि सुपरस्टारहरु भविश्यका लागि योजना बनाइरहेका छन् । क्लब मार्को एसेन्सियो, ड्यानी सेवालोसजस्ता अन्य थुप्रै युवा प्रतिभाको चयन गर्न लागिरहेको छ । र उसँग प्रशिक्षकको रुपमा जिनेदिन जिदाने नामका यस्ता व्यक्ति छन्, जो फाइदाका लागि भन्दा पनि योग्यताका



आधारमा खेलाडी छनौट गर्ने खुवी राख्छन् ।

जिदानको कार्यकालको सफलता अहिलेसम्म केवल ट्रफीका आधारमा मात्र मापन गर्न सकिन्छ । तर, यस तथ्यबाट पनि ग्यारेथ बेल (जिदान बेलका ठूला प्रशंसक हुन्) जस्ता सुपरस्टारले समेत टिममा आफ्नो भूमिकाका लागि संघर्ष गर्नुपर्ने अवस्था आएको छ । किनकि पछिल्लो ६ महिनादेखि इस्कोले त्यही भूमिकामा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । क्रिष्टियानो रोनाल्डो, टोनी क्रुज, लुका मोड्रिड, सर्जियो रामोसको शेषपछि इस्को, एसेन्सियो र अन्य स्टारहरु समेटेर टिम सेट गर्दैछन्, जसको भविश्य अहिले उज्वल देखिएको छ ।

यदि रियल मड्रिड अन्तर्राष्ट्रिय खेलाडी ट्रान्सफर मार्केटमा हुने महंगा महंगा ट्रान्सफर कीर्तिमानबाट हात झिकेको हो भने, उसको बिँडो थाम्ने गरी कुनै क्लब अगाडि बढेको छ भने त्यो हो पेरिस सेन्ट जर्मेन। नेइमारको ट्रान्सफर हस्ताक्षरले विश्व फुटबलमै सनसनी मच्चाइरहेको छ । र, यसले फ्रान्सेली जायन्टका लागि एक नयाँ मोडको रुपमा महशुस गरिएको छ । कतार स्पोर्टस इन्भेस्टमेन्टले सन् २०११ मा क्लबको स्वामित्व ग्रहण गरेपछि पीएसजीले हासिल गर्न बाँकी उपलब्धी भनेको च्याम्पियन्स लिगको उपाधि मात्र हो। फ्रान्सका अहिलेका सबैभन्दा उत्कृष्ट स्ट्राइकर केलिन एमबाप्पेलाई मोनाकोबाट भित्र्याएपछि र नेइमारलाई अनुबन्ध गरिसकेपछि पिएसजीको अग्रपंक्ति विश्वमै उत्कृष्ट भएको बताइन्छ । तर, यो समीकरण बिल्कुलै नयाँ हो, ब्राजिली युवा, फ्रान्सेली किशोर र भेट्रान एडिसन काभानी । पहिलो सिजनमा उनीहरुको समन्वय भने हेर्न बाँकी नै छ। तर, यसका केहि सन्देह छैन कि विश्व फुटबलमा यी तीन स्ट्राइकरले तहल्का पिट्दैछन् । केहि मानिसको चिन्ता यो पनि छ कि काभानी छायाँमा पर्नेछन्, जसरी ज्लाटन इब्राहिमोबीच हुँदा उनीले त्यो भोग्न बाध्य भएका थिए । तर, नेइमार र एमबाप्पे दुवै वाइड एरियाबाट एट्याक गर्न रुचाउँछन् । एमबाप्पेले यसै वर्षको सुरुमा भनेका थिए कि नम्बर ९ जर्सीमा खेलेका रामाडेल फाल्काओलाई केन्द्रमा खुलेर खेल्न दिनुपर्छ, जसको उनलाई जरुरी छ । काभानी पनि त्यही गर्छन् । तर, चिन्ताको कुरा केहि अर्कै छ । एमबाप्पेले मोनाकोका टिममेट फाविन्होलाई निक्कै मिस गर्नेछन् । किनभने पीएसजीमा सायद मिडफिल्डमा अपेक्षाकृत मिडफिल्डरको अभाव छ। केभिन ट्र्याप हुन् या अल्फान्स एरोलिया नै किन नहुन्, उनीहरु वास्तविक पोजिसनमा देखिन्नन् । गत सिजन च्याम्पियन्स लिगको अन्तिम १६ मा बार्सिलोनाले उसले यही कमजोरीको फाइदा उठाउँदै धावा बोलेको थियो। गत सिजन अन्तिम १६ मा पीएसजीलाई ध्वस्त बनाएपछि पाएको वाहीवाहीको सजाय बार्सिलोनाले नेइमारलाई गुमायो । त्यस जित पछिल्लो वर्षमा उसले प्रयोगमा ल्याएको सामूहिक गेमका कारण नभई नेइमारको एक्लो प्रयासका रुपमा बुझियो । नेइमार क्लबमा रहन चाहेनन्, त्यस्तै क्लब म्यानेजमेन्टले पनि विश्वास गुमाउन पुग्यो । लियोनल मेस्सीले अहिलेसम्म प्रस्तावित नयाँ सम्झौतामा हस्ताक्षर गरेका छैनन्, अर्को समरमा उनको सम्झौता सकिँदैछ । निक्कै दबावमा देखिएका क्लबका अध्यक्ष जोसेप बार्टोमेउले दाबी गरेका थिए कि आन्द्रेस इनिएष्टा नयाँ सम्झौतामा हस्ताक्षर गर्न तयार थिए, तर महान मिडफिल्डरले सार्वजनिक रुपमै इन्कार गरे । खराव म्यानेजमेन्ट र खेलाडी अनुबन्धमा खराव निर्णयका कारण बार्सिलोना आलोचित भइरहेको छ । यस सिजन नेल्सन सेमेडोजस्ता प्रतिभाशाली राइक ब्याक, मिडफिल्डमा पाउलिन्होको अनुबन्धले उसका केहि छिद्र पुर्ने प्रयास गरेको छ । पाउलिन्हो तिनै खेलाडी हुन्, जो टोटनह्यामका सुपर फ्लप भएका थिए।